बैठक नं ८ | आ.व. २०८१/८२

स्थानः पालिका अध्यक्ष ज्यूको कार्यकक्ष | मितिः २०८१।०८।१० गते सोमबार

समयःदिनको १.०० वजे

उल्लेखित समय,मिति र स्थानमा वढैयाताल गाँउपालिकाका अध्यक्ष श्री हिमालय त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल अनुसार सदस्य ज्यूहरूको उपस्थितिमा गाँउ कार्यपालिकाको बैठक वस्यो । उपस्थिति तथा भएका निर्णयहरू यस प्रकार छन ।

| सि न | नाम थर | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री हिमालय त्रिपाठी | अध्यक्ष | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी अधिकारी | उपाध्यक्ष | सदस्य | |
| ३ | श्री प्रेम वहादुर थापा क्षेत्री | वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री डिल्ला देव गिरी | वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री लल्लन अहिर | वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री नरे थापा | वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री ~~तुलाराम चौधरी~~ तुलसी [illegible] | वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री ~~शुक्रराज सापकोटा~~ [illegible] | वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री राधे श्याम थारू | वडा अध्यक्ष | सदस्य | |
| १० | श्री तेजनाथ पौडेल | वडा अध्यक्ष | सदस्य | |
| ११ | श्री विर वहादुर थारू | वडा अध्यक्ष | सदस्य | |
| १२ | श्री टिकाराम सुनार | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री आइत राम परियार | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री चन्द्रकला वि क | कार्यपालिका सदस्य | सदस्य | |
| १५ | श्री दिलमाया सुनार | कार्यपालिका सदस्य | सदस्य | |
| १६ | श्री देवी सरा रैदास | कार्यपालिका सदस्य | सदस्य | |
| १७ | श्री कोपीला मल्ल | कार्यपालिका सदस्य | सदस्य | |
| १८ | श्री अर्जुन सुवेदी | प्रमुख प्रशासकीयअधिकृत | सचिव | |

आमन्त्रीत

| सि.न. | नाम थर | पद | कार्यरत शाखा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

बढैयाताल गाँउपालिकाको आ.व. २०८१/०८२ को बैठक नं ८ मा प्रस्तुत भएका प्रस्ताव र भएको निर्णय

बैठक मिति : २०८१।०८।१० समयः१:०० वजे

प्रस्ताव नं. १ बैठकको अध्यक्षताः गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

| |
|---|
| प्रस्तावको विषयः ब्रढैयाताल गाँउपालिकाको बैठकका निर्णय कार्यान्वयनको सम्बन्धमा । |
| निर्णयका कानुनी आधारहरुः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १७ |
| निर्णय हुनुपर्ने विषयः वालविवाह मुक्त वडा घोषणाका लागि वजेट व्यवस्थापन सम्बन्धमा । |
| भएको निर्णयः<br>१) यस बढैयाताल गाँउपालिका वडा न ८ लाई मिति २०८१।०८।१७ का दिन वालविवाह मुक्त वडा घोषणाका लागि निर्धारित सुचक पुरा गरेकाले सहमति दिने र सो कार्यक्रमका लागि खर्च सि.न. २२५२२ शिर्षकवाट व्यवस्थापनका लागि रु ५०००० । (अक्षेरुपी पचास हजारमात्र) दिने निर्णय गरियो । |
| (स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४, उपदफा २ (ज) वमोजिम निर्णयको प्रमाणीकरण गर्ने<br><br>नाम थरः अर्जुन सुवेदी<br>कार्यपालिका सचिव एवम प्रमुख प्रशासकीय अधिकृत<br>मितिः |

वढैयाताल गाँउपालिकाको आ.व. २०८१/०८२ को बैठक नं ८ मा प्रस्तुत भएका प्रस्ताव र भएको निर्णय

बैठक मिति : २०८१।०८।१० समयः१:०० वजे

प्रस्ताव नं. २ बैठकको अध्यक्षताः गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

| |
|---|
| प्रस्तावको विषयः वढैयाताल गाँउपालिकाको बैठकका निर्णय कार्यान्वयनको सम्वन्धमा । |
| निर्णयका कानुनी आधारहरुः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १७ |
| निर्णय हुनुपर्ने विषयः ज्यालादारीमा प्राविधिक (सुपरभाइजर) राख्ने सम्वन्धमा । |
| भएको निर्णयः<br>२) यस गाँउपालिका भित्र संचालित भौतिक निर्माण (सडक, भवन, अन्य कार्य)लाई गुणस्तर कायम गर्न, निर्माण स्थलमा भैरहेको कामलाई रेखदेख गर्न, निर्माण स्थलहरुमा प्रयोग हुने सामाग्रीको गुणस्तर कायम गर्नलाई कन्टेन्जेन्सीवाट श्रोत व्यहोर्ने गरी जिल्ला दररेटमा उल्लेख भए बमोजिमको प्राविधिक जनशक्तिको लागि तोकिएको ज्याला भित्र रही दैनिक ज्यालादारीमा वढीमा ३ जना ३ महिनाको लागि प्राविधिक जनशक्ति राख्ने र निजहरुलाई मासिक रुपमा २० लिटर पेट्रोल फिल्डको कामकाजको लागि दिने निर्णय गरियो । |
| (स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४, उपदफा २ (ज) बमोजिम निर्णयको प्रमाणीकरण गर्ने<br><br>नाम थरः अर्जुन सुवेदी<br>कार्यपालिका सचिव एवम प्रमुख प्रशासकीय अधिकृत<br>मितिः |

बढैयाताल गाउँकार्यपालिकाको आ.ब.०८१/०८२ को बैठक नं. ०८ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति २०८१/०८/१० आसमय: बिहान ११:०० बजे

प्रस्ताव नं. ०३ बैठकको अध्यक्षता: हिमालय त्रिपाठी

| |
|---|
| प्रस्तावको विषय: यस आ.ब.०८१/०८२ का लागि सडक बोर्ड नेपालको स्थानीय सडक मर्मत संभार कार्यक्रमको अनुदान रकमबाट संचालयन हुने आयोजना स्वीकृत गरिदिन माँग गर्ने सम्बन्धमा। |
| निर्णयको कानूनी आधार: स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को परिच्छेद-१०, दफा ६१ (२) ग र पच्छिेद -१५, दफा १०६ (५) |
| निर्णय हुनु पर्ने विषय: यस आ.ब.०८१/०८२ का लागि सडक बोर्ड नेपालको स्थानीय सडक मर्मत संभार कार्यक्रमको अनुदान रकमबाट संचालयन हुने आयोजना छनोट गरि स्वीकृतिका लागि माँग गर्ने। |
| भएको निर्णय: प्रस्तुत विषयमा यस यस आ.ब.०८१/०८२ का लागि सडक बोर्ड नेपालको प.सं. ०८१/०८२ मिति २०८१/०६/१३ च.नं. ४३९ को प्राप्त पत्र अनुसार स्थानीय सडक मर्मत संभार कार्यक्रमको लागि सडक बोर्ड नेपालको मिति २०८१/०६/०७ गतेका दिन बसेको कार्यकारी समितिको निर्णयबाट रू १२,००,०००/- बिनियोजन गरि पठाएकोमा सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन पालना गर्दै सडक बोर्ड नियमावली-२०६० परिच्छेद (३) नियम (९) बमोजिम रू ३,६५,०००/- गाउँपालिकाको गत गाउँसभाबाट अन्तरीक स्रोतको सडक मर्मत संभार कोषमा विनियोजित रकमबाट समपुरक कोष समावेश गरि कुल रू १५,६५,०००/- मा तपसिलको आयोजना संचालनको लागि स्वीकृत गरिदिन सडक बोर्ड नेपाललाई अनुरोध गर्ने सर्वसहमतिब्राट निर्णय गरियो<br>तपसिल<br>१ ग्राभेल सडक स्तरउन्नती, बढैयाताल गाउँपिलका वडा नं. ८, हुलाकि सडक इन्द्र बहादुर रानाभाटको घरदेखि भित्री लाईन हुदै रामचन्द्र थापाको घर, खड्का फर्म सम्म जाने ग्राभेल सडक स्तरउन्नती |
| स्थानीय सरकार संचालन एन २०७४ को दफा ८४ को उपदफा २ ज बमोजिम<br>प्रमाणिकरण<br>नाम: अर्जुन सुवेदी<br>कार्यपालिका सचिव एवंम प्रमुख प्रशाकीय अधिकृत<br>मिति २०८१/०८/१० |